# त्रिवेणी गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन, २०७६

| | |
|---|---|
| सभाबाट पारित मिति :- | २०७६/०९/२८ |

त्रिवेणी गाउँपालिका

सल्यान जिल्ला

कर्णाली प्रदेश

CamScanner

# त्रिवेणी गाउँपालिकाको औद्योगिक व्यवसाय विधेयक, २०७५

**प्रस्तावना**

त्रिवेणी गाउँपालिकाको औद्योगिक वातावरणलाई सुविधाजनक, लगानीमैत्री बनाई राष्ट्रिय उत्पादकत्व र रोजगारीका अवसरमा अभिवृद्धि गर्न, गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक तथा मानवीय स्रोतको अधिकतम उपयोग गरी लघुउद्यम, घरेलुउद्योग तथा साना उद्योग प्रवर्द्धनमा जोड दिंदै औद्योगिक विकासको माध्यमबाट सबल, गतिशील, प्रतिस्पर्धी एवं उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम छैठौं गाउँसभाले यो ऐन तर्जुमा गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " त्रिवेणी गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन त्रिवेणी राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

(३) यो ऐन त्रिवेणी गाउँपालिका भित्र मात्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको प्रमुख सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले गाउँ कार्यपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

(ग) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशाकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ङ) "गाउँपालिका" भन्नाले त्रिवेणी गाउँपालिका सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग मन्त्रालय वा सो कामको लागि तोकिएको संघको मन्त्रालयलाई सम्झनु पर्छ ।

(छ) "विषयगत शाखा" भन्नाले त्रिवेणी गाउँ कार्यपालिका अन्तरगतको विषयगत शाखा, उपशाखा, कार्यालय वा इकाईलाई सम्झनुपर्छ ।

(ज) "वडा सचिव" भन्नाले गाउँपालिका वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडासचिव सम्झनुपर्छ ।

(झ) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले गाउँपालिकाको "उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समिति" सम्झनु पर्छ ।

(ट) "संयोजक" भन्नाले उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको संयोजकलाई सम्झनु पर्दछ ।

प्रमाणित
०७६।१०।१८

(ठ) "सदस्य सचिव" भन्नाले उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ड) "विभाग" भन्नाले संघीय उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ ।

(ढ) "उद्योग" भन्नाले दफा १३ बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ण) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले गाउँपालिकाकालाई सम्झनु पर्छ ।

(त) "घरेलु उद्योग" भन्नाले दफा १३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(थ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(द) "लघु उद्यम" भन्नाले दफा १३ को उपदफा (१) को खण्ड (क) बमोजिमका उद्योग सम्झनु पर्छ ।

(ध) "विभाग" भन्नाले उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभाग सम्झनु पर्छ ।

(न) "साना उद्योग" भन्नाले दफा १३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

## परिच्छेद - २

## उद्योग दर्ता तथा नियमन सम्बन्धी व्यवस्था

३. **नियमन गर्ने उद्योगको प्रकार:** संघीय सरकारले स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने भनि तोकिएका लघु उद्यम, घरेलु तथा साना उद्योगको नियमन यस ऐन बमोजिम गाउँपालिकाले गर्ने ।

४. **उद्योग दर्ता गराउनुपर्ने :** (१) कसैले यस ऐन बमोजिम दर्ता नगराई उद्योगको स्थापना वा सञ्चालन गर्न वा गराउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित औद्योगिक व्यवसाय सम्बन्धी कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका उद्योगले यस ऐन बमोजिम उद्योग दर्ता भएको मानिनेछ ।

(३) दर्ता शुल्क तोकिएबमोजिम हुनेछ ।

५. **उद्योग दर्ता गर्न निवेदन दिनुपर्ने :** (१) यस ऐन बमोजिम उद्योग स्थापना गर्न चाहने व्यक्ति/कम्पनीले तोकिए बमोजिमको विवरण र कागजात सहित तोकिएको ढाँचामा उद्योग दर्ता गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम र घरेलु उद्योगको हकमा त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट तीन महिनाभित्र उद्योग दर्ता गर्ने निवेदन दिन सकिनेछ ।

६. **उद्योग दर्ताको प्रमाणपत्र दिनुपर्ने :** (१) दफा ५ बमोजिम उद्योग दर्ताका लागि परेको निवेदन जाँचबुझ गर्दा आवश्यक विवरण तथा कागजात पूरा भएको र यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको देखिएमा निवेदन परेको सात दिनभित्र उद्योग दर्ता गर्ने निकायले निवेदनमा माग भए बमोजिमको उद्योग दर्ता गरी तोकिए बमोजिमको ढाँचामा निवेदकलाई उद्योग दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

CamScanner

(२) उपदफा (१) बमोजिम उद्योग दर्ताको प्रमाणपत्र दिँदा अन्य कुराका अतिरिक्त देहायका विवरणहरु समेत त्यस्तो प्रमाणपत्रमा खुलाउनु पर्नेछ :-

(क) उद्योग दर्ताको प्रमाणपत्र जारी भएको मिति,

(ख) उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नुपर्ने अवधि,

(ग) उद्योगले पालना गर्नुपर्ने शर्तहरु,

(घ) उद्योगको प्रकृति अनुसार तोकिए बमोजिमका अन्य शर्तहरु ।

(३) यस दफा बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता गर्ने निकायले समय समयमा दिएको निर्देशन तथा दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गर्नु पर्नेछ ।

७. **व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको जानकारी दिनुपर्ने:** (१) यस ऐन बमोजिम दर्ता भएको उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लेख भएको अवधिभित्र उद्योग सञ्चालन वा आफ्नो व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्नु पर्नेछ र सोको जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ ।

(२) कुनै उद्योगले उपदफा (१) बमोजिम उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्न नसकेमा सोको कारण खुलाई उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनुभन्दा कम्तीमा एक महिना अगाडि त्यस्तो अवधि बढाउनका लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(३) उपदफा बमोजिम निवेदन प्राप्त हुन आएमा र निवेदनमा उल्लिखित कारण मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अवधि बढाउन निवेदन नदिएमा वा उपदफा (१) बमोजिमको अवधि वा उपदफा (३) बमोजिम बढाइएको अवधिभित्र पनि त्यस्तो उद्योगले उद्योग सञ्चालन वा आफ्नो व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ नगरेमा त्यस्तो उद्योगको दर्ता प्रमाणपत्र स्वतः रद्द हुनेछ ।

(५) उपदफा (४) बमोजिम उद्योगको दर्ता प्रमाणपत्र रद्द भएमा उद्योग दर्ता गर्ने निकायको अभिलेखमा रहेको त्यस्तो उद्योगको दर्ता प्रमाणपत्रमा कारण खुलाई रद्द भएको व्यहोरा जनाउनु पर्नेछ र सोको अभिलेख अद्यावधिक गर्नु पर्नेछ ।

८. **अनुगमन गर्ने :** (१) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना गरे नगरेको सम्वन्धमा उद्योगको नियमित अनुगमन गर्न सक्नेछ ।

(२) उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले उपदफा (१) बमोजिमको अनुगमनको सिलसिलामा सम्वन्धित उद्योगबाट कुनै जानकारी वा विवरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै जानकारी वा विवरण माग गरेमा त्यस्तो जानकारी वा विवरण उपलब्ध गराउनु सम्बन्धित उद्योगको कर्तव्य हुनेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त भएको जानकारी वा विवरणबाट त्यस्तो उद्योग सञ्चालनमा कुनै किसिमको समस्या भएको देखिएमा सम्बन्धित उद्योगसँग परामर्श गरी उद्योग दर्ता गर्ने निकाय वा कार्यालयले त्यस्तो उद्योगलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

०७५।१०।१८

CamScanner

९. **उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्ने** : (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नुपर्ने भएमा सोको कारण खुलाई उद्योग दर्ता गर्ने निकायसमक्ष उद्योग स्थानान्तरणका लागि तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ र अनुमती प्राप्त भएपश्चात मात्र उद्योग स्थानान्तरण गर्नुपर्नेछ ।

१०. **विवरण उपलब्ध गराउनु पर्ने** : (१) प्रत्येक उद्योगले व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेपछि तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र उद्योग दर्ता गर्ने निकायसमक्ष पेश गर्नु पर्नेछ ।

११. **उद्योग बन्द गरेमा जानकारी दिनुपर्ने** : यस ऐन बमोजिम दर्ता भएको उद्योग उद्योगीले कुनै कारणले बन्द गरेमा वा उद्योगको व्यावसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले सात दिनभित्र त्यसको जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्नेछ ।

१२. **उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने** : (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकायसमक्ष तोकिए बमोजिमको कागजात सहित तोकिएको ढाँचामा निवेदन दिन सकिनेछ । तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफ्नो दायित्व फरफारख गरेको र उद्योगको दर्ता खारेज गर्न उपयुक्त हुने देखिएमा तोकिए बमोजिम उद्योग दर्ता खारेज गरी सोको जानकारी निवेदकलाई दिनु पर्नेछ ।

## परिच्छेद - ३

## उद्योगको वर्गीकरण

१३. **उद्योगको वर्गीकरण** : (१) यस ऐनको प्रयोजनको लागि उद्योगहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ :-

(क) **लघु उद्यम** : देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछ : -

(१) घर जग्गा बाहेक बढीमा पाँच लाख रुपैयाँसम्मको स्थिर पूँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौ जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार पचास लाख रुपैयाँ भन्दा कम रहेको, र

(५) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इन्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इन्जिन क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको ।

(ख) **घरेलु उद्योग** : देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछ :-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

CamScanner

(३) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा दश किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको, र

(४) अनुसूची-१ मा उल्लेख भए बमोजिमका उद्योगहरु ।

(ग) **साना उद्योग** : लघु उद्यम र घरेलु उद्योग बाहेकको दश करोड रुपैयाँसम्म स्थिर पूँजी भएको उद्योग वा संघिय कानुनले साना उद्योग भनि परिभाषीत गरिएका उद्योगहरु ।

(२) इन्जिन, उपकरण वा मेसिनको प्रयोग गरी उद्योग स्थापना गर्दा वातावरणीय प्रदुषण कम हुने गरी स्थापना गर्नुपर्नेछ ।

## परिच्छेद-४
## उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था

१४. **उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समिति** : गाउँ कार्यपालिकाले गाउँक्षेत्रको समग्र उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी कार्यको संयोजन गर्न कार्यकालिकाको सदस्यको संयोजकत्वमा बढीमा सात सदस्यीय उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन व्यवस्थापन समिति गठन गर्नेछ ।

१५. **उद्योग विकास, प्रवर्द्धन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:** (१) यस ऐनमा उल्लिखित अन्य काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) औद्योगिक प्रवर्द्धन, लगानीको संरक्षण, अभिवृद्धि तथा औद्योगिकीकरण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ख) उद्योग सम्बन्धी कानूनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ वा द्धिविधा उत्पन्न भएमा त्यसको समाधानको लागि सहजीकरण गर्ने,

(ग) गाउँपालिकाकाको समग्र औद्योगिकीकरण सम्बन्धी नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत संरचना एवं कार्य प्रणालीको नियमित समीक्षा गरी त्यसमा आवश्यक सुधार गर्न गाउँपालिकाका समक्ष सिफारिस गर्ने,

(घ) औद्योगिक प्रदूषण नियन्त्रण सम्बन्धी नीतिगत निर्णय गर्ने,

(ङ) यस ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउने सेवा, सुविधा तथा सहुलियत उद्योगहरुलाई दिलाउन कुनै कठिनाई आइपरेमा सोको निराकरण गर्ने,

(च) उद्योगीको गुनासो सुनुवाई गरी समस्या समाधान गर्ने वा गराउने तथा सम्बन्धित निकायलाई मार्गदर्शन गर्ने ।

१६. **छुट, सुविधा वा सहुलियतको प्रत्याभूति** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका उद्योगलाई यस ऐन र प्रचलित कानून बमोजिम प्रदान गरिएको छुट, सुविधा वा सहुलियतलाई सीमित गर्ने गरी कुनै व्यवस्था गरिने छैन ।

CamScanner

## परिच्छेद-८

## सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था

१७. **सजाय सम्बन्धी व्यवस्था** : (१) कसैले यस ऐन बमोजिम उद्योग दर्ता गराई वा नगराई उद्योग स्थापना वा सञ्चालन गरे वा नगरेको सम्बन्धमा गाउँपालिकाको कार्यालयले तोकिए बमोजिम आवश्यक अनुगमन, छानबिन वा निरीक्षण गर्दा यस ऐन बमोजिम उद्योग दर्ता नगराई उद्योग स्थापना वा सञ्चालन गरेको पाइएमा गाउँपालिकाका कार्यालयले त्यस्तो उद्योग स्थापना वा सञ्चालन गर्ने व्यक्ति तथा सोसँग सम्बन्धित विवरण सहितको प्रतिवेदन तयार गरी त्यस्तो व्यक्तिलाई यस ऐन बमोजिम उद्योग दर्ता गराई सञ्चालनमा ल्याउन र सोको प्रमाण पेश गर्न बढीमा एक महिनाको समय दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको समयावधिभित्र उद्योग दर्ता नगर्ने व्यक्तिलाई गाउँपालिकाका कार्यालयले देहायको कारबाही गर्न सक्नेछ :-

(क) त्यस्तो व्यक्तिले स्थापना वा सञ्चालन गरेको उद्योग बन्द गर्न आदेश दिने,

(ख) उद्योगको स्तर यकिन गरी सोको आधारमा लघु उद्यमस्तरको भए दशहजार देखि पच्चीस हजार रुपैयाँ सम्म, घरेलु तथा साना उद्योगको स्तर भए पच्चीस हजार देखि एक लाख रुपैयाँसम्म, जरिबाना गर्ने।

(३) दफा १० बमोजिम तोकिएको विवरण तोकिएको अवधिभित्र उपलब्ध नगराएमा उद्योग दर्ता गर्ने निकायले प्रत्येक आर्थिक वर्षको लागि देहायका उद्योगलाई देहायको जरिबाना गर्न सक्नेछ :-

(क) लघु उद्यमलाई पाँच हजार रुपैयाँको दरले,

(ख) घरेलु उद्योगलाई दश हजार रुपैयाँको दरले,

(ग) साना उद्योगलाई बीस हजार रुपैयाँको दरले,

(४) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने निकायले समय-समयमा दिएको निर्देशन तथा उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित शर्तहरुको पालना नगरेको वा देहायको उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछ :-

(१) लघु उद्यमको हकमा पच्चीस हजार देखि पचास हजार रुपैयाँसम्म,

(२) घरेलु तथा साना उद्योगको हकमा पचास हजार देखी एक लाख रुपैयाँसम्म,

(५) यस दफा बमोजिम सजाय गर्नुभन्दा अघि सजाय गने अधिकारप्राप्त अधिकारीले सम्बन्धित उद्योग वा व्यक्तिलाई आफ्नो सफाई तथा सबुत पेश गर्न पन्ध्र दिनको समय दिनुपर्नेछ।

१८. **पुनरावेदन सम्बन्धी व्यवस्था** : दफा १७ बमोजिमको सजायको आदेश उपर चित्त नबुझेमा सजायको जानकारी पाएको मितिले पैंतीस दिनभित्र त्यस्तो उद्योग वा व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

CamScanner

**परिच्छेद ९**

**विविध**

१९. **नियम बनाउने अधिकार :** यस ऐनलाई कार्यान्वयन गर्न गाउँ कार्यपालिकाकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२०. **निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्ने :** गाउँपालिकाका कार्यालयले उद्योगको दर्ता, नियमन सम्बन्धी काम कारबाहीलाई सरल बनाउन आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

०७६।१०।१५

CamScanner